

सर्लाहीको लालबन्दी नगरपालिका- १५ बाहुनीडाँडास्थित बारीमा फलेको कटहर। तस्बिर : रासस

# कपिलवस्तुलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गर्न माग

कपिलवस्तु, साउन ११ (नागरिक)- अन्नको भण्डारका रूपमा रहेको कपिलवस्तुलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गर्न माग गरिएको छ। जसपा नेपालले जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाउँदै सो माग गरेको हो। ज्ञापनपत्र बुझाउनुअघि जसपा नेपालका नेता तथा कार्यकर्ताले प्रशासन कार्यालयअगाडि सुक्खाग्रस्त क्षेत्र घोषणाका लागि नाराबाजीसमेत गरेका थिए।

मधेस प्रदेशलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरिएको भन्दै जसपा नेपालले कपिलवस्तुसहित सुक्खाग्रस्त रहेको अन्य जिल्लालाई समेत सुक्खा क्षेत्र घोषणा गर्न माग गरेको हो। जसपा नेपालका जिल्ला अध्यक्ष शैलेन्द्रकुमार यादव, केन्द्रीय सदस्य अब्दुल रसिद खाँ र साधिका यादव तथा कपिलवस्तु नगरपालिकाका मेयर सुदीप पौडेललगायतको टोलीले प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङलाई ज्ञापनपत्र बुझाएका थिए।

रोपाइँ गरेको धान खेतसमेत चिरा परेर डढेकाले सुक्खाग्रस्त क्षेत्र घोषणा गर्नुपर्ने जिल्ला अध्यक्ष यादवले माग गरे। यादवले सुक्खा क्षेत्रसहित कृषकलाई उचित राहत उपलब्ध गराउनुपर्ने बताए। सिँचाइ र मलखादसमेतउ पलब्ध गराउनुपर्ने माग गरे। सरकारले सहजरूपमा मलखाद वितरण प्रक्रिया अविलम्ब गर्नुपर्ने तथा सीमामा मलखाद ल्याउने किसानलाई अनावश्यक दुःख नदिने वातावरण बनाउन पनि उनले माग गरे।


## काठमाण्डौं मेडिकल कलेज पब्लिक लिमिटेडको

## हकप्रद शेयर निष्काशन तथा बिक्री सम्बन्धी सूचना

तेश्रो पटक प्रकाशित मितिः २०८२।०४।१२

ययस काठमाण्डौ मेडिकल कलेज प.लि.को मिति २०८२।०३।३१ गते बसेको सञ्चालक समितिको बैठकले निर्णय गरे बमोजिम यस कम्पनीमा मिति २०८२।०३।३० गते सम्म कायम साविक शेयरधनीहरुका लागि १ शेयर बराबर नयाँ १ शेयर (१:१) को अनुपातमा प्रति शेयर रु.१००/-अंकित दरको ६०,०९,५५३ कित्ता हकप्रद शेयरको निष्काशन तथा विक्री खुल्ला यहि मिति २०८२।०४।०१ गते दिन देखि ३५ दिन भित्र अर्थात मिति २०८२।०५।०४ गते कार्यालय समयसम्म गरिने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. हकप्रद शेयर खरिदका लागि दरखास्त पाइने स्थानः
काठमाण्डौ मेडिकल कलेज प.लि.को प्रशासन शाखा
२. हकप्रद शेयर खरिदका लागि रकम जम्मा गर्ने बैंक र खाता नं.
खाताको नाम काठमाण्डौ मेडिकल कलेज प.लि.
खाता नं. ५५५०९६१९९९४
बैंकको नामः सिद्धार्थ बैंक लि.
कम्पनीको वेबसाईटः www.kmc.edu.np
३. हकप्रद शेयर खरिद गर्ने आवेदन फर्म कम्पनीको वेबसाइटबाट समेत प्राप्त गर्ने व्यवस्था गरिने छ।
४. मिति २०८२/०४/०१ गते देखि २०८२/०५/०४ गते सम्म कम्पनीको शेयर दाखिल खारेज बन्द गरिनेछ।
५. तोकिएको मिति र समय भन्दा पछि प्राप्त भौचर र आवेदन फारामलाई हकप्रद शेयरको वाँडफाँडमा समावेश गरिने छैन।

हकप्रद शेयर निष्काशन सम्बन्धी विषयमा थप जानकारी चाहिएमा कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रशासन शाखा तथा कम्पनी सचिवसँग सम्पर्क गर्न सकिनेछ।

योगेन्द्र भट्टराई
कम्पनी सचिव
सम्पर्क नं. ९८०१०५७६५७

बिना देउपाला
प्रशासकीय अधिकृत
सम्पर्क नं. ९८०२३९७१२२


# घरेलु हिंसाका उजुरी मिलापत्रमै

किरणमान बज्राचार्य

*कपिलवस्तु साउन ११*

विगत केही वर्षअघिसम्म लोकलाज, डर, त्रासलगायतका कारण महिलाहरू आफूमाथि परेको घरेलु हिंसा सहेर बस्ने गर्थे। अहिले उनीहरू खुलेर बाहिर ल्याउन थालेका छन्। श्रीमान्, सासू, ससुरालगायतबाट हिंसामा परेका उनीहरू अहिले न्यायका लागि बाहिर आउन थालेका हुन्।

घरमा सीमित हुने घरेलु हिंसा बाहिर आए पनि जिल्लामा भने अधिकांश मुद्दा मिलापत्रमा समाधान गरिन्छ। जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेलका अनुसार कपिलवस्तुमा अधिकांश घरेलु हिंसाका मुद्दा मिलापत्रमा समाधान हुने गरेको छ। उजुरी परेका ९० प्रतिशत मुद्दाको छिनोफानो मिलापत्रमा गरिन्छ। खान बस्न नदिएको, गालीगलौज गरेको, कुटपिट, घरायसी झैझगडा, विवाह दर्ता नगरेको लगायतमा उजुरी पर्ने गरेको छ।

जिल्ला प्रहरी कार्यालयमा गत आर्थिक वर्ष २०८१/८२ मा ५ सय ९ मुद्दा परेका थिए, त्यसमध्ये ४ सय ७६ मिलापत्रमा टुंगइएको र बाँकी २१ मुद्दा अदालत पठाइएको प्रहरी कार्यालयका निमित्त सूचना अधिकारी त्रिभुवन जिसीले बताए। १२ मुद्दा भने यो वर्ष समाधान गर्ने गरी जिम्मेवारी सारिएको छ। आव २०८०/८१ म ३ सय ४७ महिला हिंसाका उजुरी परेका थिए, जसमध्ये ३ सय १२ वटा मिलापत्र गरी समाधान गरिएको थियो। आव २०७९/८० मा ३ सय ५२ वटा परेका उजुरीमध्ये ३ सय २१ मिलापत्र र ३१ अदालत गएको तथा आर्थिक वर्ष २०७८/०७९ मा ३ सय ५० उजुरीमध्ये १८ वटा अदालत गएको बाँकी सबै मिलापत्र गरिएको थियो।

प्रहरी र सरोकारवाला संघसंस्थाको पहलमा महिलामाथि हुने अनेक प्रकारका हिंसा र दुर्व्यवहारका गुनासो र समस्या समाधान हुने गरेको जिसीले बताए। सक्दो प्रयास गर्दा पनि नमिल्ने उजुरी मात्र अदालतसम्म पुग्ने गरेको उनले बताए।

हरेक वर्ष यस्ता गुनासो र उजुरीको संख्या बढ्दै गए पनि महिलाका हकअधिकारका लागि क्रियाशील संघसंस्थाबिचको समन्वय र सक्रियतामा समाधान हुने गरेको छ। संघसंस्थाले मिलाउन नसके प्रहरीको सहयोगमा यस्ता समस्या समाधान हुने गरेको छ।

हिंसा र दुर्व्यवहारका उजुरी बढे पनि ९० प्रतिशत समस्या अदालतसम्म नपुगी समाधान भएको जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेलले देखाएको छ। घरेलु हिंसाका निवेदन मिलापत्रमै टुंगिने गरेको र पीडितहरू अदालत जान नचाहेकाले मिलापत्रको माग आउने गरेको प्रहरी नायब उपरीक्षक रीतेन्द्र सिंहले बताए। अरूभन्दा महिलाका समस्यालाई प्राथमिकता दिई समाधान गर्ने गरिएको जिल्ला प्रहरी उपरीक्षक निरञ्जनदत्त भट्टले बताए। घर सम्हाल्ने र चलाउने महिला नै अन्यायमा परे घरपरिवार बिग्रने हुँदा समाजलाई नराम्रो असर पर्ने भएकाले प्राथमिकता दिई काम गर्ने उनले बताए।

विभिन्न कारण पीडित महिलाले खुलेर आफ्ना समस्या बाहिर ल्याउन थालेपछि न्याय पाउन थालेको महिला अधिकार क्षेत्रमा क्रियाशील साथी संस्था महिला सेल्टरकी संयोजक विमला घिमिरेले बताइन्। 'हामी आफैं पनि पहिले संस्थामै परिवारलाई बोलाएर छलफल गर्छौं, यहाँ नभए प्रहरीमा लैजाने गर्छौं', उनले भनिन्। प्रहरीमा पुग्दासम्म धेरै समस्या समाधान हुने उनले बताइन्। जटिल र पुग्नुपर्ने मुद्दा मात्र अदालत लगिन्छ।

'हिंसापीडित महिला उजुरी गर्छन् तर कारबाही प्रक्रिया अघि बढाउन खोजिए आफैं मिलापत्रका लागि अग्रसर हुन्छन्', प्रहरी उपरीक्षक भट्टले भने, 'पीडित आफैं पछि हटेपछि उनीहरूकै मागबमोजिम घटना मिलापत्र हुने गरेका छन्। अदालती प्रक्रिया लामो मात्र नभई फैसलापछि परिवार मिलेर बस्ने अवस्था नहुने हुँदा पनि मिलापत्रमै जोड दिने साथी संस्थाकी विमला घिमिरेले बताइन्। महिलाहरू सचेतना र हिंसा गर्नेलाई कानुनी कारबाही हुने हुँदा पनि हिंसाका घटना अदालतसम्म पुग्दैन।

# एक वर्षमा ११ करोड बढी तस्करीका सामान बरामद



कपिलवस्तु, साउन ११ (नागरिक)- कपिलवस्तुका दुई सुरक्षा निकायले एक वर्षमा साढे ११ करोड बढी तस्करीमा सामान बरामद गरेको छ। नेपाल र सशस्त्र प्रहरीले आर्थिक वर्ष २०८१/८२ मा ११ करोड ६७ लाख ५५ हजार रूपैयाँबराबरका सरसामान बरामद गरेको हो। जिल्ला प्रशासन कार्यालयले आफ्नो कार्यालयमा राखेको पत्रकार सम्मलेनमा सो तथ्यांक प्रस्तुत गरेको हो।

नेपाल प्रहरीले ६ करोड ७५ लाख ३५ हजार तथा सशस्त्र प्रहरीले चार करोड ९२ लाख २० हजार बढीका सरसामान बरामद गरेको हो। प्रहरी उपरीक्षक निरञ्जनदत्त भट्टले गत आवमा ६ करोड ७५ लाख ३५ हजार बढीको सरसामान बरामद गरेको बताए। आव २०८०/८१ मा प्रहरीले चार करोड ४७ लाख १८ हजारको मालसामान बरामद गरेको थियो।गत आवमा प्रहरीले किराना सामान ९७ लाख ९७ हजार, सवारी साधन दुई करोड ३४ लाख ९२ हजार नगद एक करोड २६ लाख २१ हजार ६ सय ७६ रूपैयाँ बरामद गरेको थियो। यस्तै कपडा १९ लाख ३१ हजार, राँगा-भैंसी १७ लाख ९० हजार, बोका-खसी १३ लाख ४३ हजार, इलेक्ट्रिक्स ४३ लाख १३ हजार, काठ १० लाख ६७ हजार, धानको बीउ नौ लाख १९ हजार चल्ला तथा माछा तीन लाख ३६ हजार, मटर केराउ २८ हजार, अन्य सामान ९८ लाख ४८ हजार बरामद गरेको भट्टले बताए।

उता सशस्त्र प्रहरीले गत आवमा चार करोड ९२ लाख २० हजार बराबरको अवैध मालवस्तु नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि भन्सारमा बुझाएको सशस्त्र प्रहरी उपरीक्षक नेत्र केसीले बताए। आव २०८०/८१ मा सशस्त्र प्रहरीले दुई करोड ६७ लाख ४१ हजारका सामान बरामद गरेको थियो। सशस्त्र प्रहरी उपरीक्षक केसीले सो अवधिमा लागुऔषधसहित चारजना र भारत छिर्न लागेका दुईजना चिनियाँ नागरिकलाई नियन्त्रणमा लिई प्रहरीलाई बुझाइएको बताए। प्रजिअ दिलकुमार तामाङले आर्थिक वर्ष २०८०/८१ भन्दा गत आवमा चार करोड बढी सामान बरामद भएकाले पनि सीमा नाकामा कडाइ भएको देखिएको बताए। भारतसँगको ९३ किलो मिटर सीमा नाका जोडिएकाले पनि तस्करी नियन्त्रणमा गाह्रो हुने गरेको उनले बताए।


एनएमबि बैंक लिमिटेड,
बबरमहल, काठमाडौं फोन नः ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मितिः २०८२/४/१२

यस बैंकको निक्षेपकर्ता श्री देश बिर राईको नाति, श्री प्रताप सिंह राईको छोरा पाँचथर जिल्ला, सिदिन गा.पा. वडा नं २ स्थाई ठेगाना भई हाल पाँचथर जिल्ला, फिदिम न.पा वडा नं १ चौतारे बस्ने वर्ष ६० को **श्री रामबीर राई** (ना.प्र.नं. १०७५/१०४८, जारी मिति २०४२/१०/१४ जारी जिल्ला पाँचथर)को, मिति २०८२/०३/११ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनि निजको एकाघरकी श्रीमती सबिता राईले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ। अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको श्रीमती सबिता राईको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



## विकाश हाइड्रोपावर कम्पनी लिमिटेड

BIKASH HYDROPOWER COMPANY LTD.
रजिष्टर्ड कार्यालय, का.म.न.पा.-०३, काठमाण्डौ, फोन नं. ०१-४५४५०८४
(आयोजनाको नाम : माथिल्लो माछाखोला साना जलविद्युत आयोजना-४.५५ मे.वा.)
वेवसाईट : https://bikashhydro.com.np, इमेल : uppermachhakhola@gmail.com

## शेयर रजिष्ट्रार (Registrar to the Share) सम्बन्धी सूचना

यस विकास हाइड्रोपावर कम्पनी लिमिटेडको संचालक समितिको निर्णय अनुसार यस कम्पनीको धितोपत्र सम्बन्धी अभिलेख राख्ने, शेयर अभौतिकरण गर्ने, प्रमाणपत्र वितरण गर्ने, नामसारी लगायत शेयरधनीहरुको शेयर लगत अद्यावधिक गरी राख्ने सम्बन्धी सम्पूर्ण कार्य गर्नको लागि **श्री प्रभु क्यापिटल लिमिटेड**, कमलादी, काठमाडौंलाई शेयर रजिष्ट्रार नियुक्त गरेकोले यस कम्पनीको शेयर रजिष्ट्रार अन्तर्गतको सम्पूर्ण कार्यहरु **श्री प्रभु क्यापिटल लिमिटेड** मार्फत हुने व्यहोरा सम्पूर्ण शेयरधनी महानुभाव लगायत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

शेयर रजिष्ट्रारको पूरा नाम र ठेगाना

prabhu CAPITAL (A Subsidiary of Prabhu Bank Limited)
**प्रभु क्यापिटल लिमिटेड**
कमलादी, काठमाडौं, फोन नं. ०१-४१६५१००, ५९७०२००
E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com



## रिज लाइन इनर्जी लिमिटेड

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १, ललितपुर, फोन नं. ०१-५९००११४
ईमेल: info@ridgeline.com.np, वेभसाईट: www.ridgeline.com.np

## चौथो वार्षिक साधारण सभाको सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०४/१२**

*श्री शेयरधनी महानुभावहरु,*

मिति २०८२/०४/११ मा बसेको यस कम्पनीको सञ्चालक समितिको ९५औं बैठकको निर्णयानुसार कम्पनीको चौथो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशन गरिएको छ।

**सभा बस्ने मिति, समय र स्थान**

मिति : **२०८२ साल भाद्र महिना ४ गते (तदनुसार सन् २०२५ अगस्ट २०) बुधबार।**
समय : **अपरान्ह ३:०० बजे।**
स्थान : **होटल हिमालय, कुपण्डोल हाईट, ललितपुर।**

**छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची**

**क) सामान्य प्रस्तावः**
(१) आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको प्रतिवेदन बारे।
(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०८१/०८२ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु बारे।
(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने बारे।
(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम लाभांश रकम रु. ७,७८,३५,७८९.४७/- (अक्षरेपी सात करोड अठहत्तर लाख पैंतीस हजार सात सय उनानब्बे रुपैयाँ चार सात पैसा) नगद लाभांश स्वीकृत गर्ने।
(५) सञ्चालक समितिमा रिक्त १ (एक) जना सञ्चालक चयन गर्ने बारे।

**ख) विशेष प्रस्तावः**
(१) कम्पनीले सर्वसाधारणका लागि प्राथमिक शेयर निष्काशन गर्ने बारे।
(२) प्रारम्भिक सार्वजनिक निष्काशनबाट प्राप्त हुने रकमको उपयोग गर्ने बारे।

**ग) विविध।**

**नोटः** साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा २४ (चौविस) घण्टा अगाडि प्रतिनिधि (प्रोक्सी) पत्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। अन्य थप जानकारीको लागि कम्पनीको वेवसाईट **https://www.ridgeline.com.np/** वा रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गर्दछौ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**



## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८२/०४/१२ गतेको नागरिक राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय रातोपुल, काठमाडौंबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८२/०४/२६ गते/स्थान : शाखा कार्यालय रातोपुल, काठमाडौं | २०८२/०४/२८ गते, बुधबार दिनको ३ बजे |

| क्र.सं. | ऋणीको नाम, ठेगाना |
|---|---|
| १. | **नाम : गलेश्वर महादेव रियल स्टेट प्रा.लि.**<br>नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय<br>दर्ता नं. १५०४४४/७२/०७३, दर्ता मिति : २०७३/०२/२४, पान नं. ६०४२७०९९१, दर्ता मिति : २०७३/०२/२८<br>ठेगाना : काठमाडौं जिल्ला, कागेश्वरी मनहरा न.पा. वडा नं. १२, हरहरमहादेव, **संचालक : कुमार खड्का** |
| | **नाम : मनहरा यातायात प्रा.लि.**<br>नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय<br>दर्ता नं. १९१८९०/७४/०७५, दर्ता मिति : २०७५/०३/०४, पान नं. ६०६६८००२४, दर्ता मिति : २०७५/०३/०८<br>ठेगाना : काठमाडौं जिल्ला, कागेश्वरी मनहरा न.पा. वडा नं. ७, हरहरमहादेव, **संचालक : कुमार खड्का** |
| | **ऋणी तथा जमानतकर्ताको विवरण** |
| | **नाम : कुमार खड्का**<br>ना.प्र.नं. १४१४०/२०९६, जि.प्र.का. काठमाडौं, जारी मिति : २०४४/०३/१४<br>बाबुको नाम : लिला बहादुर खड्का, बाजेको नाम : निल बहादुर खड्का<br>ठेगाना : काठमाडौं जिल्ला, गोठाटार गा.वि.स. वडा नं. ६<br>हाल : काठमाडौं जिल्ला, कागेश्वरी मनहरा न.पा. वडा नं. १२, हरहरमहादेव |
| | **जमानतकर्ताको विवरण** |
| | **१. नाम : साजन खड्का**<br>ना.प्र.नं. २७१०१६/४२८७६, जि.प्र.का. काठमाडौं<br>जारी मिति : २०६६/०४/११<br>बाबुको नाम : कुमार खड्का<br>बाजेको नाम : लिला बहादुर खड्का<br>ठेगाना : काठमाडौं जिल्ला, गोठाटार गा.वि.स. वडा नं. ६<br>हाल : काठमाडौं जिल्ला, कागेश्वरी मनहरा न.पा. वडा नं. १२, हरहरमहादेव |
| | **२. नाम : राधा खड्का**<br>ना.प्र.नं. ९१३२, जि.प्र.का. काठमाडौं<br>जारी मिति : २०५५/११/१९<br>पतिको नाम : कुमार खड्का<br>ससुराको नाम : लिला बहादुर खड्का<br>ठेगाना : काठमाडौं जिल्ला, गोठाटार गा.वि.स. वडा नं. ६<br>हाल : काठमाडौं जिल्ला, कागेश्वरी मनहरा न.पा. वडा नं. १२, हरहरमहादेव |
| | **३. नाम : सागर खड्का**<br>ना.प्र.नं. २७१०१६/१४७६२, जि.प्र.का. काठमाडौं, जारी मिति : २०६४/१०/२७<br>बाबुको नाम : कुमार खड्का, बाजेको नाम : लिला बहादुर खड्का<br>ठेगाना : काठमाडौं जिल्ला, गोठाटार गा.वि.स. वडा नं. ६<br>हाल : काठमाडौं जिल्ला, कागेश्वरी मनहरा न.पा. वडा नं. १२, हरहरमहादेव |
| | **धितोको विवरण** |
| | १. राधा खड्काको नाममा मालपोत कार्यालय चाबहिल, काठमाडौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला, गोठाटार गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. ३६ को क्षेत्रफल १७२.०५ व.मी. भएको जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।<br>२. धनी ज्योति विकास बैंक भई ऋणी मनहरा यातायात प्रा.लि. को नाममा यातायात व्यवस्था कार्यालय एकान्तकुना, ललितपुरमा दर्ता कायम रहेको प्रदेश नं. ३-०१-००६ ख ५६४६, च्यासिस नं. MB1PBEFDXMAAL8105, इन्जिन नं. MAEZ415808 को VIKING 222 Bus Chassis, 2021 रहेको सवारी साधन १ थान। |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : रातोपुल, काठमाडौं, फोन नं. ०१-४५७४८८७
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np